१२औं बैठक

आज मिति २०७७ साल जेष्ठ १४ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, नगर उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८

श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११

श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२

श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३

श्री रमना परियार, कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री खिम कुमारी राना, कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य

श्री भुमीकला सुनार, कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य

श्री विष्णु खत्री, कार्यपालिका सदस्य

श्री नोखिराम ओली प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी

श्री मान वहादुर ठाडा लेखा अधिकृत

श्री सिता कुमारी खत्री गिरी प्रशासकिय अधिकृत

श्री राजेश कुमार बुढा

श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत.

श्री नविन कुमार के.सि.

श्री कृष्ण वहादुर शाही कार्यालय सहायोगी

**प्रस्ताव नं. १.थप क्वारेन्टाइन सम्बन्धमा ।**

निर्णय नं. १ : विश्वभर कोराना भाइरसको प्रकोप फैलिरहेको र छिमेकि मुलुक भारतमा रोजगारीको क्रममा रहेका नेपालीहरु स्वदेश फर्कन थालेको हुदा गाउँ फर्कने भेरीगंगावासिको पनि संख्या उच्च रहेकोले यस अघि संचालन भएका तिन वटा क्वारेन्टाइनको क्षमता अपुग भएकोले यस भेरीगंगा नगरपालिका भित्रका सबै विद्यालयहरुमा आवश्यक परेको जुनसुकै अवस्थामा क्वारेन्टाइनको व्यवस्था गरी संचालन गर्ने निर्णय गरियो ।

क) वडा नं. ९ स्थित ने.रा. मा.वि. सानो जात्री

ख) वडा नं. ११ स्थित चन्द्रोदय आ.मा.वि. काशिपुर

ग) वडा नं. १० स्थित आ..मा.वि. तल्लो थानिचौर

घ) वडा नं ७ स्थित श्री नेपाल राष्टिय आधरभुत विद्यालय काठेघारी

ङ) वडा नं. ११ स्थित शिखर मा.वि.

च) वडा नं ९ स्थित मा.वि. जहरे

माथि उल्लेखित क्वारेन्टाइनको प्रभावकारी व्यवस्थापन र संचालनका लागि यस नगरपालीकाको मिति २०७७ जेठ ९ गतेको कार्यपालिकाको निर्णय नं. २ अनुसार हुनेछ ।

अ) ने.रा. मा.वि. सानो जात्रि

वडाध्यक्ष लक्षुमन राना वडा नं. ९ : संयोजक
स्वास्थ्य कर्मी : सदस्य सचिव
वडा सचिव सदस्य
सुरक्षा कर्मी सदस्य

आ) चन्द्रोदय आ.मा.वि काशिपुर
वडाध्यक्ष तिलकराम डाँगि वडा नं. ११ : संयोजक
स्वास्थ्य कर्मी : सदस्य सचिव
वडा सचिव सदस्य
सुरक्षा कर्मी सदस्य

इ) आ..मा.वि. तल्लो थानिचौर
वडाध्यक्ष वडा नं. १० : संयोजक
स्वास्थ्य कर्मी : सदस्य सचिव
वडा सचिव सदस्य
सुरक्षा कर्मी सदस्य

ई) नेपाल राष्टिय आधरभुत विद्यालय काठेघारी
वडाध्यक्ष वडा नं. ७ : संयोजक
स्वास्थ्य कर्मी : सदस्य सचिव
वडा सचिव सदस्य
सुरक्षा कर्मी सदस्य

उ) शिखर मा.वि.
वडाध्यक्ष वडा नं. ७ : संयोजक
स्वास्थ्य कर्मी : सदस्य सचिव
वडा सचिव सदस्य
सुरक्षा कर्मी सदस्य

ऊ) मा.वि. जहरे
वडाध्यक्ष वडा नं. ७ : संयोजक

स्वास्थ्य कर्मी : सदस्य सचिब
वडा सचिब सदस्य
सुरक्षा कर्मी सदस्य

**प्रस्ताव नं. २.सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशसंग सहयोग माग गर्ने सम्वन्धमा ।**

निर्णय नं २ :यस नगर पालिकामा कर्णाली प्रदेशको मुलद्धारको रुपमा रहेकाले भारत तर्फबाट ठूलो संख्यामा मानिस भित्रिरहेकोमा यस क्षेत्रमा क्वारेन्टाइन निर्माण गर्ने क्रममा आवश्यक सामाग्री स्वास्थ्य र खाद्यवस्तुहरुको सम्पूर्ण खर्च गर्न वजेटको अभाव भएकोले अवश्यक रकम व्यवस्थाको लागि कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३. स्वास्थ्य कर्मी ,अन्य व्यक्तिहरुलाई जोखिम भत्ता उपलब्ध गराउन सम्बन्धमा ।**

निर्णय :३ यस नगरपालिका भित्रका क्वारेन्टाइनमा प्रत्यक्ष काम गर्ने स्वास्थ्य कर्मी र,अन्य कर्मचारी लाई खाइपाइ आएको तलब भत्ताको क्रमश: ७५% र ५०% जोखिम भक्ता प्रदान गर्ने । क्वायरेन्टाइनमा खटीएका सुरक्षा कर्मी लाइ प्रति व्यक्ति प्रति दिन रु. १०० का दरले र ज्यालादारी काम गर्ने कामदारहरुलाई प्रतिदिन रु. ५०० का दरले जोखिम भक्ता स्वास्थ्य शाखाको सिफारिसमा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.४. क्वारेन्टाइनमा खाना,नास्ता व्यवस्थापन सम्वन्धमा ।**

निर्णय नं. ४. संचालनमा रहेका क्वारेन्टाइनमा ज्यालादारी सहयोगी प्रति क्वारेन्टाइन ३ जनालाई कामकाजमा खटाउने व्यवस्था क्वारेन्टाइन व्यवस्थापन समतिले मिलाउने । साथै वडा नं.१२ शारदा मा.वि. र वडा नं. ८ को ने.रा. मा.वि लोदेमा प्रतिदिन प्रतिव्यक्ती २६० का दरले खाना तथा नास्ता स्थानीय व्यक्तिहरु संगको समन्वयमा क्वारेन्टाईन ब्यबस्थापन समितिको उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं.५. एम्वुलेन्स संचालन सम्वन्धमा ।**

निर्णय नं. ५ : यस भेरीगंगा नगरपालिकाको स्वास्थ्य चौकी छिन्चुबाट चलिरहेको एम्वुलेन्सलाई नगर स्वास्थ्य शाखाबाट संचालन गर्ने निर्णय गरियो । साथै क्वारेन्टाईन संचालनमा सहयोग पुग्ने गरी PCR तथा RDT चेकअप गर्नुपर्ने र क्वारेन्टाइनमा धेरै स्थानमा क्वारेन्टाइन संचालनमा आएको , अपुग सामान रासन पुऱ्याउन सहयोग हुनेगरी मासिक एक लाख नबढ्नेगरी एउटा गाडि भाडामा लिने गरी निर्णय गरियो ।

**प्रस्ताव नं.६. कल्भर्ट मर्मत सम्वन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिका अर्न्तगत वडा नं. १३ , ४ ,१२ मा कल्भर्टहरु निर्माण भएका तर उक्त कल्भर्टको उइङ्ग वाल नभएकोले वर्षातमा खोलामा कल्भर्ट पुलमा नोक्सान पुऱ्याउने सक्ने संभावना देखिएका वडा नं. १३ ,को रामघाट रिङरोडको थोत्रेखोला कल्भर्टमा र माथिल्लो आपँखोलि कल्भर्ट, ४ को बासँखोला कल्भर्टलाई सुरक्षित गर्न Wing Wall लगाउने निर्णय गरियो ।